# स्याउको भुवादार लाही
# (Apple wooly aphid – *Eriosoma lanigerum*)

## पहिचान





- स्याउ बालीको भुवादार लाही एकदमै खतरनाक कीरा हो
- यिनीहरु नरम शरीर भएका चुस्ने प्रकृतिका साना कीराहरु हुन । यस कीराले चिसो र दुस्मनबाट बच्नका लागि मैनजन्य पदार्थ शरीरवाट निकाली आफ्नो शरीर लाई ढाकेको हुन्छ ।
- यी कीराहरु पखेटा भएका र नभएका दुवै थरीका पाइन्छन् पखेटा भएका कीराहरु उडेर अन्यत्र जान सक्छन् ।
- जब चिसो हुन्छ त्यसबेला भाले लाही कीरा निस्कन्छन् र पोथी लाही कीरासँग सम्पर्क गर्दछन् ।
- फलस्वरुप पोथीले रुखका बोक्रामा सुरक्षित स्थान छनौट गरी अण्डा पार्दछन् ।
- चिसो मौसममा यस कीराका बच्चाहरु बोटबाट ओर्लेर जमिन जरा तिर लाग्दछन् र गर्मी लागेपछि जराबाट बिरुवाको माथिल्लो भाग तिर लाग्दछन् ।

## क्षति

- यसले बिरुवाको हाँगा, पात, मुल स्तम्भ र जरामा बसेर रस चुस्दछ । हिउँदको समयमा बाहिर रहेको मुनाहरु, जराहरु, हागाँहरुमा कोलोनी बनाएर वसेका हुन्छन ।
- यी कीराहरुले चुसेको ठाउँमा गाँठाहरु बनाएका हुन्छन । जसले गर्दा कीराबाट ग्रसित बोटहरु राम्ररी बढ्न सक्दैनन् ।
- यसको क्षति माटो बाहिर भन्दा माटो भित्र जरामा गर्छ र आक्रमणबाट बढी हुन्छ । कीरा धैरै लागेमा बोटका जराहरु मजबुत हुदैनन् । बोट ढल्न सक्दछ ।
- कीराको संख्यामा धैरै वृद्धि भएमा सुटि मोल्द पनि अर्को समस्या हुन्छ र कीराहरु फूलपत्रमा समेत लाग्दा फलमा समेत असर गर्दछ ।

## व्यवस्थापन

- कीराले क्षतिग्रस्त भएका बिरुवाका हाँगाहरु काटेर जलाइ दिने ।
- कीराले ढाकेको भागमा पानीले भिजाएको जुटको बोराले राम्रोसँग पुछ्ने ।
- यो कीरा हिउँद र गर्मी मौसममा तल र माथि गर्ने भएकोले जमिनको सतहको ठिक एक फुट माथि चप्कने पासो राख्ने
- यो कीराको महत्वपूर्ण प्राकृतिक शत्रुको रुपमा बारुले कीरा रहेको छ । यो एउटा परजपवीकरण गर्ने कीरा हो बाहिरी भागमा रहेका कीराहरुलाई यस्को प्रयोगबाट सफलतापुर्वक व्यवस्थापन गर्न सकिन्छ ।
- कीरा देखिनासाथ खनिज तेल (सर्वो तेल) १० मि.लि प्रति लिटर पानीमा मिसाएर १ हप्ताको फरकमा कम्तिमा ३ पटक छर्ने ।
- खनिज तेल (सर्वो तेल) नपाएको अवस्थामा नीम तेल ३ मि.लि प्रति लिटर पानीमा मिसाएर १ हप्ताको फरकमा कम्तिमा ३ पटक छर्ने ।

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**बाली संरक्षण प्रयोगशाला**
पोखरा, नेपाल